बैठक संख्या : ४

मिती : २०७९।०३।०९ गते

स्थान : राप्ती नगरपालिका

समय : विहान ७:३० बजे

यस राप्ती नगरपालिकाको प्रमुख श्री शमशेर लामा ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसि निम्न प्रस्तावहरुमा छलफल गरियो।

**उपस्थिति**

१. नगर प्रमुख श्री शमशेर लामा
२. नगर उपप्रमुख श्री देवेन्द्र लामा
३. वडाध्यक्ष नं १ श्री सिद्धिलाल स्याङतान
४. वडाध्यक्ष वडा नं २ श्री श्याम सुन्दर उप्रेती
५. वडाध्यक्ष वडा नं ३ श्री शिवकान्त ओली
६. वडाध्यक्ष वडा नं ४ श्री केदार प्रसाद आचार्य
७. वडाध्यक्ष वडा नं ५ श्री सिताराम बल
८. वडाध्यक्ष वडा नं ६ श्री जल्लु महतो थारु
९. वडाध्यक्ष वडा नं ७ श्री सुमिता डल्लाकोटी
१०. वडाध्यक्ष वडा नं ८ श्री पूर्ण प्रसाद आचार्य
११. वडाध्यक्ष वडा नं ९ श्री खड्क बहादुर तमाङ
१२. वडाध्यक्ष वडा नं १० श्री तेज बहादुर तमाङ
१३. वडाध्यक्ष वडा नं. ११ श्री बुद्धि बहादुर तमाङ
१४. वडाध्यक्ष वडा नं. १२ श्री अर्जुन प्रजा
१५. वडाध्यक्ष वडा नं. १३ श्री अशोक कुमार प्रजा
१६. सदस्य श्री गोमा देवी धरेल
१७. सदस्य श्री मित्र कुमारी तितुङ
१८. सदस्य श्री कविता राई
१९. सदस्य श्री रमिता परियार
२०. सदस्य श्री मिना कुमारी अधिकारी
२१. सदस्य श्री आइती देवी दराई
२२. सदस्य श्री रेल बहादुर प्रजा
२३. सदस्य श्री भक्त बहादुर सुनार
२४. प्रमुख प्रशासकीय अधिकृत श्री गंगा बहादुर भुजेल सदस्य सचिव
२५. साक्षा देवी शर्मा (अधिकृत सातौं)
२६. सन्दिप ओझा (इन्जिनियर)
२७. युवराज सुवेदी (अधिकृत सातौं)
२८. रमेश चौधरी (क.अ.)
२९. [illegible]

बैठक संख्या : ०४ मिति : २०७९।०३।०९

<u>प्रस्तावहरु</u>

१. एघौरा नगरसभामा पेश गर्ने प्रस्ताव सम्बन्धमा ।

   क. आर्थिक ऐन २०७९ पारित गर्ने सम्बन्धमा ।

   ख. विनियोजन ऐन २०७९ पारित गर्ने सम्बन्धमा ।

   ग. स्थानीय बाझिएका कानुन बाझिएको हदसम्म खारेज गर्ने सम्बन्धमा ।

   घ. राजस्व परामर्श समितिले दिएका सिफारिस अनुसार करका दरहरु हेरफेर गर्ने प्रस्ताव स्वीकृत गर्ने सम्बन्धमा ।

   ङ. ०७९।८० को आय-व्याय प्रस्ताव स्वीकृत गर्ने सम्बन्धमा ।

   च. संघीय सरकार र प्रदेश सरकारसँग माग गर्ने योजना सम्बन्धमा ।

   छ. सेवा करार र ज्यालादारीमा रहेका कर्मचारीहरु सम्बन्धमा ।

   ज. ०७९।८० मा संचालन हुने योजना तथा कार्यक्रम सम्बन्धमा ।

   झ. म.ले.प.को प्रारम्भिक प्रतिवेदन सम्बन्धमा ।

   ञ. विभिन्न समिति पदपूर्ति र प्रतिवेदन सम्बन्धमा ।

   ट. आर्थिक सर्वेक्षण र मध्य कालिन खर्च संरचना सम्बन्धमा ।

   ठ. O and M प्रतिवेदन स्वीकृत गर्ने सम्वन्धमा ।

   ड. सार्वजनिक खरिद योजना स्वीकृत गर्ने सम्बन्धमा ।

   ढ. विविध ।

२. [illegible] सम्बन्धमा ।

३. रासी नगरपालिका वडा नं. ९ को वोरिङ्ग निर्माण सम्वन्धमा ।

४. आर्थिक सहायता सम्वन्धमा ।

५. भू-उपयोग नियमावली सम्वन्धमा ।

<u>निर्णय नं. १</u>

प्रस्ताव नं. १ माथि छलफल गर्दा रासी नगरपालिकाको एघारौं नगरसभामा देहाय अनुसारको प्रस्ताव स्वीकृतको लागि पेश गर्ने निर्णय गरियो ।

   क. आर्थिक ऐन २०७९ पारित गर्ने सम्बन्धमा ।

   ख. विनियोजन ऐन २०७९ पारित गर्ने सम्बन्धमा ।

ग. स्थानीय बाझिएका कानुन बाझिएको हदसम्म खारेज गर्ने सम्बन्धमा ।

घ. राजस्व परामर्श समितिले दिएका सिफारिस अनुसार करका दरहरु हेरफेर गर्ने प्रस्ताव स्वीकृत गर्ने सम्बन्धमा ।

ङ. ०७९।८० को आय-व्याय प्रस्ताव स्वीकृत गर्ने सम्बन्धमा ।

च. संघीय सरकार र प्रदेश सरकारसँग माग गर्ने योजना सम्बन्धमा ।

छ. सेवा करार र ज्यालादारीमा रहेका कर्मचारीहरु सम्बन्धमा ।

ज. ०७९।८० मा संचालन हुने योजना तथा कार्यक्रम सम्बन्धमा ।

झ. म.ले.प.को प्रारम्भिक प्रतिवेदन सम्बन्धमा ।

ञ. विभिन्न समिति पदपूर्ति र प्रतिवेदन सम्बन्धमा ।

ट. मध्यकालिन खर्च संरचना सम्बन्धमा ।

ठ. O and M प्रतिवेदन स्वीकृत गर्ने सम्वन्धमा ।

ड. सार्वजनिक खरिद योजना स्वीकृत गर्ने सम्बन्धमा ।

ढ. विविध ।

निर्णय नं. २

राशी नगरपालिका र कुशुम एण्ड कन्सट्रक्सन प्रा.ली बिच मिति २०७७।१२।२० मा भएको ठेक्का सम्झौता ००२/Works /NCB/RM077/78 construction of Blacktopped Road with drain बजरहट्टि मदनटोल हुदै बाखी बास इट्टा भट्टा जाने बाटो को प्राविधिक स्टिमेटमा Concrete नाला निर्माण गर्नुपर्ने र सो भन्दा पहिला मदनचोकमा २०७७ को वडागत योजनाको काम सम्पन्न नभएकोले उक्त योजनाको काम समेत सपन्न गर्नुपर्ने भएको हुदाँ उक्त काम स्टिमेटमा नभएको तर सो काम समेत सोहिबाटो निर्माण गर्दा गर्नुपर्ने अति आवश्यक भएकोले स्टिमेटमा भएको Cause way को M20 को Material र Quantity उक्त नालामा क्रसिङ हरुमा प्रयोग गर्नुपर्ने भएको हुदाँ पेश भएको संसोधित design अनुसार Variation कार्य स्वीकृत गरी कार्य प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं. ३

राशी नगरपालिका वडा नं. ९ स्थित सिचाई का लागि बोरिङ निर्माण गर्न राशी नगरपालिकाको स्वीकृत वार्षिक बजेट रु १० लाख बाट मिति २०७८।०८।२६ मा सम्झौता भई ल.ई बमोजिम सम्पूर्ण कार्यहरु सम्पन्न भएतापनि बोरिङमा पानिको मात्रा स्टिमेटको Quantity भन्दा अलिकति कम

भएको तर त्यस ठाउँमा स्थानीयहरुको माग अनुसार उक्त पानी अतिनै राम्रो हो भन्ने जानकारी आएको र त्यस ठाउँमा बोरिङको पानीको समेत अति आवश्यकता भएको हुदाँ उक्त ठाउँको स्थिति माग हेरी सो ठाउँअनुसारको कामको प्राविधिक मुल्याङ्कन गरी भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ४

प्रस्ताव नं. ३ माथि छलफल गर्दा राप्ती नगरपालिका वडा नं. ११ बस्ने सन्तमाया चेपाङको रुखबाट लडेर खुट्टा भाचिइ हाल उपचार को क्रममा रहनुभएको र हाल स्टिल हाल्नुपर्ने भएको निजको परिवारको आर्थिक अवस्था अत्यन्त कमजोर भएको हुदाँ उपचारमा सहयोग स्वरुप रु ५०,०००(पचाँस हजार) आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

राप्ती नगरपालिका वडा नं. ८ निवासी चक्रबहादुर श्रेष्ठको श्रीमतीको पहिले नै मृत्यु भएको र निजको परिवारमा समेत संरक्षणवाला नभएको अवस्थाम हालै मृत्यु भएको हुदाँ निजको दाहासंस्कार गर्नका लागि दाहासंस्कार खर्च स्वरुप रु १५०००।— आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

राप्ती नगरपालिका वडा नं . ३ निवासी करिव ३४ बर्षिया कैलाश प्रजाको पौडि खेल्ने क्रममा पानीमा डुवि मृत्यु भएको र निजको परिवारिक आर्थिक स्थिति अत्यन्त कमजोर रहेको साथै हालसम्म निज मृतक व्यक्तिमाथि नै आश्रित रहेको हुदाँ राहात स्वरुप रु २५००० आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

राप्ती नगरपालिका वडा नं. ११ निवासी सन्त बहादुर तमाङको नाती जित बहादुर तमाङको छोरा बर्ष २३ को राकेश तमाङ घासँ काट्न जाँदा भिरबाट लडेर दुवै खुट्टा भाँचिएकोले बैशाख ८ गते देखिनै पुरानो मेडिकल कलेज भरतपुर चितवनमा उपचाररत अवस्थामा रहेको र डाक्टरको सल्लाहा अनुसार दुवै खुट्टाको ४ पटक अप्रेशन गर्नु पर्ने भएको र घरको आर्थिक अवस्था अत्यन्तै कमजोर रहेकोले उपचारमा सहयोग स्वरुप रु ५०,०००।— आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

राप्ती नगरपालिका वडा नं. ५ नमुना टोल निवासी पुष्पराज सिलवालको श्रीमती धनमाया सिलवाल एक्कासी बिरामी भई टाउकोमा समस्या देखीएको र हाल टिचिङ अस्पताल काठमाडौमा उपचार भइरहेको र थप उपचारका लागि घरको आर्थिक अवस्था अति कमजोर भएकोले आर्थिक सहयोग

पाउँ भनि वडाको सिफारिस सहित निवेदन दिनुभएको हुदाँ निजलाई उपचारमा सहयोग स्वरुप रु५०,०००।– (अक्षेरुपी रु पचाँस हजार रुपैयाँ) आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा भुउपयोग नियमावलीका सम्वन्धमा नेपाल सरकारले हालै मात्र भु उपयोग नियमावली २०७९ स्वीकृत गरेको र सो अनुसार जग्गाको बर्गिकरण सिफारिस लगायतका निर्णय गर्न स्थानीय भु उपयोग परिषद् स्थानीय कार्यपालिका नै हुने र परिषदको कार्यमा सहयोग गर्न र निर्णय कार्यान्वयन गर्न नगर प्रमुखको अध्यक्षतामा निम्म बमोजिमका सदस्यहरु रहने गरी एक कार्यान्वयन समिति गठन गर्ने निर्णय गरियो ।

**स्थानीय भु उपयोग कार्यान्वयन समिति**

नगरप्रमुख राप्ती नगरपालिका चितवन - अध्यक्ष

सम्बन्धित वडाको वडा अध्यक्ष - सदस्य

स्थानीय तहका कृषि,वन,भूमि, सहरी विकास र भौतिक पूर्वाधारसँग सम्बन्धित शाखाका शाखा प्रमुखहरु - सदस्य

सरोकारवालाहरु मध्येबाट स्थानीय भूउपयोग परिषद्ले तोकेको दुईजना महिला सहित चारजना सदस्यहरु

-फडिन्द्र सापकोटा
- थलराज पाठक
- अनिता खरेल
- सुशिला थपलिया

प्रमुख प्रशासकीय अधिकृत — सदस्य सचिव